श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन–पत्र

विषय ः परमादेश जारी गरी पाउँ ।

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर स्थित एक्सन नेपालको तर्फबाट अधिवक्ता रामचन्द्र शर्माको वा. का.जि.का.म.न.पा. वडा नं. ११ बस्ने बल बहादुर थापाको छोरा वर्ष ४५ को श्रीजुन थापा------------------------------१ निवेदक पक्ष

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सिंहदरबार, काठमाडौं---------------१ विपक्षी

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं------१

नेपाल सरकार उद्योग मन्त्रालय सिंहदरबार, काठमाडौं -----------------------------१

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं--------------------------------१

नेपाल सरकार गृह मन्त्रालय सिंहदरबार, काठमाडौं...................... १

मुद्दा ः परमादेश ।

हामी निवेदक देहाय प्रकरणहरुमा उल्लेखित व्यहोराको यो निवेदन गर्दछौं । सो निवेदन मागदावी बमोजिम विपक्षीहरुका नाउँमा परमादेश लगायत आवश्यक उपयुक्त निर्देशन जारी गरी पाउँ ।

१) सर्वसाधारण जनताको सुस्वास्थ्य अभिवृद्धिका लागि सुर्तिजन्य पदार्थ समेतको उपभोगलाई न्यूनीकरण गर्ने प्रभावकारी नीति निर्माणदेखि कार्यान्वयन गर्न गराउनमा सहयोग पु¥याउने समेतका उद्देश्यमा ०६९

सालदेखि अग्रसर रही आएको एक्सन नेपाल संस्थामा निवेदक मध्येको म रामचन्द्र शर्मा हाल कानूनी सल्लाहकारको रुपमा समेत कार्यरत रही आएको छु ।

२) नेपालले ७ नोभेम्बर २००६ मा अनुमोदन गरेको धुम्रपान नियन्त्रण गर्ने सम्त्रन्धी महासन्धी WHO Framework Convention on Tobacco Control (FTCT) को प्रस्तावना लगायत धारा ११ (१) (ख) समेतमा भएको प्रावधान र यस सम्मानित सर्वोच्च अदालतबाट निवेदक अधिवक्ता प्रकाशमणि शर्मा समेत विपक्षी वातावरण तथा विज्ञान प्रविधि मन्त्रालय समेत भएको संवत २०६२ सालको रिट नं. ३८२२ को परमादेश मुद्दा र धुम्रपान नगर्नेहरुको नैसर्गिक अधिकार संघ नेपालका महासचिव होमलाल श्रेष्ठ निवेदक तथा अन्तरिम व्यवस्थापिका संसद सिंहदरबार समेत विपक्षी भएको रिट नं. ०६३–WO –०७५२ को उत्प्रेषण परमादेश मुद्दा ने.का.प. ०६६ अंक ९ पृष्ठ १४४८ नि.नं. ८२१७ मा नजिर प्रतिपादन गर्दै अदालतबाट लिइएको न्यायिक सकृयताको परिणाम स्वरुप नेपालको अन्तरिम संविाधान २०६३ को धारा ८३ (१) बमोजिम संविधान सभाबाट सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन ०६८ जारी भएको हो । उक्त ऐनको प्रस्तावनामा धुम्रपान तथा सूर्ती सेवन मानव स्वास्थ्यका लागि अत्यन्त हानिकारक भएको र धुम्रपान तथा सुर्ती सेवनले मानव जीवनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएकाले सो कार्यलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य सुविधा र आर्थिक हितको अभिवृद्धि गरी सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्रीवितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले भन्ने उल्लेख गर्दै उक्त ऐनको दफा ९ को उपदफा १ मा सुर्तिजन्य पदार्थको बट्टा, -यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ र लेबुलको कुल भागको पचहत्तर प्रतिशत भागमा सुर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता सन्देश र सुर्तिजन्य पदार्थको सेवनको असरले भएको घातक रंगिन चित्र उल्लेख गर्नु पर्ने प्रावधान, उपदफा २ मा मन्त्रालयले उपदफा १ बमोजिमको चेतावनीमूलक सन्देश र संकेत चिन्ह एक वर्षभित्र थप गर्न सक्ने र उपदफा ३ मा आयातकर्ताले उपदफा १ बमोजिमको मापदण्ड पूरा नभएको सुर्तीजन्य पदार्थ आयात गर्न पाउनेछैन भन्ने व्यवस्था गरेको छ । यस ऐनको प्रमाणीकरण मिति २०६८/०१/२६ मा भई मिति २०६८/०७/१८ देखि पूर्ण रुपमा लागू भएको छ ।

३) सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८ को दफा ९ को समग्र प्रावधान सरकारले स्वतस्फूर्त रुपमा लागू गर्न अग्रसर नभएकोले उपभोक्ता हित संरक्षण मञ्चका तर्फबाट अधिवक्ता ज्योति बानियाँ समेत निवेदक र विपक्षी मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको रिट नं ६८–WO–०३८३ को परमादेश समेत मुद्दामा मिति २०७०/०९/१४ मा यसै सम्मानित सर्वोच्च अदालतको विशेष इजलासबाट सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी सुर्तीजन्य पदार्थ, बट्टा, प्याकेट, -यापर्स, पेटी तथा पार्सल, प्याकेजिङमा

चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०६८ एवं नेपाल सरकारबाट निर्मित सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली २०६८ लाई तत्काल प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु, सो विपरीतका उत्पादित सुर्तीजन्य पदार्थहरुलाई अविलम्ब बजारबाट हटाउनु भनी विपक्षीहरुका नाउँमा परमादेश जारी भएपछि मात्र चेतावनीमूलक सन्देश र चित्र छाप्ने कार्य व्यवहारमा लागू गरिएको थियो ।

४) नेपाल सरकारले सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली ०६८ जारी गर्दै नियम ९ को उपनियम १ मा चेतावनीमूलक सन्देश र संकेत चिन्ह एक वर्ष भित्र थप गर्न सक्ने प्रावधान गरेकाले नेपाल सरकार जनसंख्या तथा स्वास्थ्य मन्त्रालयले मिति ०७१।७।१३ मा सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, -यापर्स, पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका ०७१ जारी गर्दै उक्त निर्दे्शिकाको दफा ३ मा चेतावनीमूलक सन्देश र घातक रंगीन चित्र छाप्नु तथा अंकित गर्नुपर्ने, दफा ४ को उपदफा १ मा चुरोटको बट्टा, प्याकेट र -यापर्समा मुख्य माथिल्लो भागको अगाडि र पछाडिको नब्बे प्रतिशत भागमा देहाय बमोजिम चेतावनीमूलक सन्देश र घातक रंगिन चित्र छाप्नु पर्ने भन्दै चित्र नं. क मा फोक्सोको क्यान्सर भएको चित्र सत्तरि प्रतिशत भागमा अंकित गर्नु पर्ने र धुम्रपान तथा सुर्ति सेवनले फोक्सोको क्यान्सर हुन्छ भन्ने सन्देश बीस प्रतिशत भागमा छाप्नु पर्ने, चित्र नं. ख मा मस्तिष्क घात भएको चित्र सत्तरी प्रतिशत भागमा अंकित गर्नुपर्ने र धुम्रपान तथा सुर्तिसेवनले मस्तिष्क घात हुन्छ भन्ने सन्देश बीस प्रतिशत भागमा छाप्नु पर्ने, चित्र नं. ग मा कम तौल भएको वा अपाङ्ग भएको वा मरेको बच्चाको चित्र सत्तरी प्रतिशत भागमा अंकित गर्नु पर्ने र तपाईले गरेको सुर्ति सेवन तथा धुम्रपानले कम तौल भएको, अपाङ्ग वा मरेको बच्चा जन्मिन्छ भन्ने सन्देश बीस प्रतिशत भागमा छाप्नु पर्ने, चित्र नं. घ मा मुख तथा घाटीको क्यान्सर भएको चित्र सत्तरी प्रतिशत भागमा अंकित गर्नु पर्ने र सुर्तिजन्य पदार्थ सेवनले मुख तथा घाटीको क्यान्सर हुन्छ भन्ने सन्देश बीस प्रतिशत भागमा छाप्नु पर्ने, चित्र नं. ङ मा मुखको क्यान्सर भएको चित्र सत्तरी प्रतिशत भागमा अंकित गर्नु पर्ने र सुर्तिजन्य पदार्थ सेवनले मुखको क्यान्सर हुन्छ भन्ने सन्देश बीस प्रतिशत भागमा छाप्नु पर्ने प्रावधान उल्लेख छ । सोही दफा ४ को उपदफा २ मा उत्पादकले छपाई गर्ने प्रत्येक ब्याचमा चुरोटको कुल जम्मा बट्टा, प्याकेट, र -यापर्स मध्येमा उपदफा १ बमोजिमका पाँच वटा घातक रंगिन चित्र र चेतावनीमूलक सन्देश चुरोटको बट्टा, प्याकेट र -यापर्समा बीस बीस प्रतिशत संख्यामा समानुपातिक तवरले छाप्नु तथा अंकित गर्नु पर्ने उपदफा ३ मा चुरोटको बट्टा, प्याकेट र -यापर्सको सहायक माथिल्लो भागमा सुर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानीकारक छ, धुम्रपानले ज्यान लिन्छ भन्ने चेतावनीमूलक सन्देश, सहायक दाया भागमा धुम्रपानमा नाइट्रोसोमाइन र बेन्जोपाइरिन जस्ता क्यान्सरको कारक तत्वहरु हुन्छन्, धुम्रपान गर्न छाडौं भन्ने चेतावनीमूलक सन्देश छाप्नु पर्ने र सहायक बाँया भागमा धम्रपानमा हुने निकोटिन, टार, कार्बनमोनोक्साइडले मुटु र फोक्सोको रोग लाग्छ, धुम्रपान गर्न छाडौं भन्ने चेतावनीमूलक सन्देश छाप्नु

पर्ने भन्ने प्रावधान छ । उपदफा ४ मा सन्देश लेखिने अक्षरको नाम देवनागरि प्रिति फन्टमा हुने, उपदफा ५ मा सन्देश लेखिने अक्षरको आकार अनुसूचि १ अनुसार हुने, उपदफा ६ मा अक्षर सेतो रङ्गमा हुने, उपदफा ७ मा सन्देश रातो पृष्ठभूमिमा लेखिने, उपदफा ८ मा अक्षरमा रङ्गको मात्र, उपदफा ९ मा घातक रंगिन चित्र र सन्देश सहित चुरोटको बट्टा, प्याकेट र -यापर्सको ढाँचा अनुसूचि १ मा लेखिए बमोजिम हुनुपर्ने र उपदफा १० मा चित्रको गुणस्तरको हकमा उत्पादकलाई मन्त्रालयबाट सिडीमा उपलब्ध गराएको गुणस्तर सरह हुने प्रावधान गरिएको छ ।

५) माथि प्रकरण ४ मा उल्लेखित निर्देशिका ०७१ को दफा ५ को उपदफा १ मा बिडीको बट्टा, प्याकेट र -यापर्समा चित्र नं. क र ख बमोजिमको चेतावनीमूलक सन्देश र घातक रंगिन चित्र छाप्नु पर्ने र उपदफा २ देखि १० सम्म माथि प्रकरण ४ मा उल्लेखित भए बमोजिमको प्रावधान गरेको, उक्त निर्देशिकाको दफा ६ को उपदफा १ मा खैनी, सुर्ति, गुटखा जस्ता सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट र -यापर्समा चित्र नं. क र ख बमोजिमको चेतावनीमूलक सन्देश र घातक रंगिन चित्र छाप्नु पर्ने र उपदफा २ देखि १० सम्म माथि प्रकरण ४ मा उल्लेखित भए सरहको प्रावधान रहेको, ऐनको दफा ७ को उपदफा १ मा माथि प्रकरण ४ मा उल्लेख भए सरह पाँच वटा चित्र र सन्देश एवं उपदफा २ देखि १० सम्मका प्रावधान रहेको, दफा ८ मा फराकिलो भागलाई मुख्य माथिल्लो भाग मानिने, दफा ९ मा सन्देशको भाषा नेपाली हुने, दफा १० मा प्याकेजिङ र लेबलिङको वृद्धिको अनुपातमा सन्देश र चित्रको आकार वृद्धि हुने, दफा ११ मा सन्देश र चित्र स्पष्ट देखिने गरी प्याकेजिङ र लेबलिङ गर्नुपर्ने, दफा १२ मा सुर्तीजन्य पदार्थको प्रवद्र्धन हुने गरी प्याकेजिङ र लेबलिङ गर्न नपाइने, दफा १३ मा सुर्तीजन्य पदार्थको बारेमा असत्य कुराहरु राखी प्याकेजिङ र लेबलिङ गर्न नपाइने, दफा १४ मा चेतावनीमूलक सन्देश र घातक रंगीन चित्र नभएका सुर्तीजन्य पदार्थ बिक्रीवितरण र खरिद गर्न नपाइने प्रावधान रहेको छ ।

६) माथि प्रकरण ४ र ५ मा उल्लेखित सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, -यापर्स पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका ०७१ ले शुरुको पचहत्तर प्रतिशतमा थप गरि नब्बे प्रतिशत भागमा चित्र र सन्देश छाप्नु पर्ने नयाँ प्रावधान गरेकाले पुरानो स्टकमा रहेको उत्पादनलाई विक्री व्यवस्थापनको समयलाई मध्यनजर गरि मिति ०७१।७।१३ मा जारी निर्देशिका मिति ०७२।२।१ देखि लागु हुने प्रावधान गरिएकोमा उक्त प्रावधान उत्प्रेषणको आदेशबाट बदर गरी पाऊँ भनी पर्फेक्ट बलेन्ड्रस प्रा.लि. को तर्फबाट प्रबन्धक सोमनाथ पौडेल निवेदक, विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भएको रिट नं. ०७१–WO–०५९९ को उत्पे्रषण समेत मुद्दामा निवेदन माग बमोजिम अन्तरिम आदेश जारी नभएको माथि प्रकरण ३ मा उल्लेखित रिट नं ०६८–WO–०३८३ को मुद्दामा मिति ०७०/०९/१४ मा नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको प्रत्याभूति हुने कार्य पनि राज्यले नै निर्वाह गर्नुपर्ने, सुर्तीजन्य पदार्थको सेवनको समस्याले अन्य मौलिक हकहरुमा असर र

प्रभाव पार्ने हुँदा राज्यले कानुनको निर्माण, कार्यान्वयन तथा आवश्यक नियम बनाई सो को कार्यान्वयन भएनभएको सम्बन्धमा सरकारी संयन्त्रमार्फत प्रभावकारी नियमन गर्नु राज्यको कर्तव्य हुने र यस्ता कदमहरु चालिँदैनन् भने नागरिकलाई संविधानले प्रत्याभूत गरेको जीवनको अधिकारको संरक्षण गर्ने दिशामा राज्य संयन्त्र उदासीन भएको मान्नुपर्ने भनी भएको फैसला र माथि प्रकरण २ मा उल्लेखित ने.का.प. ०६६ अंक ९ नि.नं. ८२१७ पृष्ठ १४४८ मा नजिर प्रतिपादन गर्ने क्रममा विश्वमा वर्षेनी पचास लाख व्यक्ति धुम्रपान र सुर्तिसेवनबाट मृत्यु हुने गरेको जसमध्ये नेपालमा मात्र १५००० भन्दा बढि मानिसले वर्षेनी ज्यान गुमाउने गरेको, मर्नेहरुमा धेरै जसो धुम्रपान र सुर्तिका अम्मलीहरु उच्च रक्तचाप, मुटु रोग, क्यान्सर लगायत स्वास प्रश्वास दम जस्ता जीर्ण रोगबाट ग्रसित रहने गरेको, सुर्ति सेवन गर्नेहरु मध्ये १३ देखि १५ वर्ष उमेरका केटाहरु १४.५ प्रतिशत र केटीहरु ४ प्रतिशत रहेको, नेपाली नागरिकले आफ्नो आम्दानीको १० देखि १५ प्रतिशतसम्म धुम्रपान र सूर्तिजन्य पदार्थको सेवनमा खर्च गर्ने तथा नेपालका बहुराष्ट्रिय चुरोट कम्पनीहरुले विज्ञापन, प्रवद्र्धन र प्रयोजनमा मात्र वर्षेनी अरबौ रकम खर्चिने गरेको तथ्य आजभन्दा ८ वर्ष पहिले प्रमाणित भएको र निवेदक संस्था एक्सन नेपालले स्वास्थ्य अनुसन्धान परिषद्बाट सुर्तीजन्य पदार्थमा अंकित चेतावनीमूलक सन्देश र चित्रको प्रभावकारिता सम्बन्धमा अनुसन्धान गर्ने स्वीकृति लिई सुर्तीजन्य पदार्थको क्रेता, बिक्रेता र सर्वसाधारणबीच सर्वेक्षण गर्दा ५८.२ प्रतिशत सुर्तीजन्य पदार्थ सेवनकर्ताले चेतावनीमूलक सन्देश र घातक चित्र अंकित गर्नाले सुर्तीजन्य पदार्थ सेवन गर्न छाड्ने प्रेरणा जगाएको, ८६.९ प्रतिशत युवालाई सुर्तीसेवन गर्ने सोचाइ नै आउन नदिएको अनुभूति गराएको, ८९.४ प्रतिशत सुर्ती सेवन गर्न छाडेकाहरुलाई भविष्यमा कहिल्यै सेवन नगर्ने सोचमा दृढ बनाएको, ९३.३० प्रतिशत सर्वसाधारणलाई सुर्तीजन्य पदार्थको सेवनबाट हुने हानिप्रति सचेतना फैलाएको, सुर्तीजन्य पदार्थ सेवनकर्ताहरुको सेवनको मात्रामा ५५ प्रतिशतले घटेको तथ्य भेटिएको हुँदा एकातिर उपरोक्त कानूनी प्रावधान संविधानसम्मत, आवश्यक र जायज भएको पुष्टि हुनुको साथै अर्कोतर्फ वर्तमान राज्य संयन्त्रबाटै लागू गर्न गराउन सम्भव हुँदा राज्यलाई आर्थिक भार नबढीकनै नागरिकको जीवन अकालमा नजाने र स्वस्थ जनशक्ति तयार भई नेपालीको सम्वृद्धि ल्याउनमा टेवा पुग्ने निश्चित हुँदा उपरोक्त कानूनहरुको कार्यान्वयन छिटो प्रभावकारी ढङ्गबाट हुनु जरुरी छ ।

७) निवेदक मध्येको एक्सन नेपाल संस्था आफ्नो घोषित उद्देश्य सुर्तिजन्य पदार्थको सेवनमा कमी ल्याउनका खातिर सर्वसाधारण र सम्बन्धित निकायका पदाधिकारी बिच अन्तरक्रिया, पत्रकार सम्मेलन लगायतका कार्यक्रम सञ्चालन गरी अग्रसर रही आउने क्रममा माथि प्रकरण ३ र ४ मा उल्लेखित कानूनी प्रावधान विपक्षीहरुबाट व्यवहारमा लागू गर्ने गराउने कार्य नभएको पाएकोले गत मिति ०७२।५।१८ मा विपक्षीहरुलाई अलग अलग पत्र मार्फत ध्यानाकर्षण गराउँदा समेत विपक्षीहरुबाट अपेक्षित भूमिका पूरा नभई उदासिनता नै देखाएकाले बाध्य भई यो रिट निवेदन दर्ता गर्न उपस्थित हुनुपरेको छ ।

८) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने, कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित नगरिने र स्वच्छ वातावरणमा बाँच्न पाउने, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति पाउने जन्मसिद्ध र अहरणीय मौलिक हकलाई नेपालको संविधान २०७२ को धारा १६ (१), १७ (१), ३० (१) र ३० (२) मा प्रत्याभूत गरिएको छ । सुर्तीजन्य पदार्थको सेवनले ती मौलिक हकलाई प्रत्यक्ष वा परोक्ष रुपमा नोक्सान गर्ने र अन्ततोगत्वा व्यक्तिका अन्य सम्पूर्ण मौलिक हकहरु प्रभावित हुने हुँदा अन्तर्राष्ट्रिय रुपमा सुर्तीजन्य पदार्थको नियन्त्रण गर्ने अन्तर्राष्ट्रिय महासन्धि WHO Framework Convention on Tobacco Control (FTCT) को धारा ११ (१) (ख) मा उत्पादकले सुर्तीजन्य पदार्थको प्रत्येक इकाइ, प्याकेट वा पेटीको बाहिरी भागमा पचास प्रतिशत वा सोभन्दा बढी भागमा सुर्ती सेवनबाट स्वास्थ्यलाई हुने हानिनोक्सानीका सन्देश र चित्र अंकित गर्नुपर्ने प्रावधान गरेको छ । हरेक नेपाली नागरिकको मौलिक हकको रक्षा गर्नु नेपाल राज्यको संवैधानिक कर्तव्य भएको र ति कर्तव्य पूरा गर्न गराउनको लागि माथि प्रकरण २, ४ र ५ मा उल्लेखित कानून तर्जुमा गर्दै ति कानून कार्यान्वयनको लागि राज्य संयन्त्र बनाई विपक्षी मध्ये प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले नेपालको संविधान ०७२ को धारा ७५ को उपधारा २ बमोजिम मौजुदा ऐन, नियम र निर्देशिका बमोजिम काम भए नभएको बुझी आवश्यक निर्देशन दिनुपर्ने, विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली ०६८ को नियम ९ को उपनियम २ बमोजिम चेतावनीमूलक सन्देश र संकेत चिन्ह छाप्न लगाउनुपर्ने र सोही प्रावधान अनुरुप विपक्षी उद्योग मन्त्रालयले सूर्तिजन्य पदार्थ उत्पादकलाई सन्देश र चित्र छाप्न, अंकित गर्न लगाउनुपर्ने, विपक्षी अर्थ मन्त्रालयले माथि प्रकरण ४ र ५ बमोजिम चेतावनीमूलक सन्देश र चित्र नछापिएका अंकित नगरिएका सूर्तिजन्य पदार्थका बट्टा लगायत सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन ०६८ को दफा ९ को उपदफा ३ बमोजिम आफ्नो मातहतका भन्सार कार्यालयहरु मार्फत आयातमा रोक लगाउँदै चेतावनीमूलक सन्देश र चित्र नछापिएका सुर्तीजन्य पदार्थका बट्टा समेतमा आन्तरिक राजस्व विभागको स्टिकर लगाउन नहुनेमा लगाएको पाइएको र उक्त स्टिकर लगाउँदा ९० प्रतिशतभित्र नपर्ने गरी लगाउनुपर्नेमा त्यसैभित्र पारिएकाले सो नियन्त्रण गर्नुपर्ने र विपक्षी गृह मन्त्रालयले आफ्नो प्रशासनिक सञ्जाल मार्फत त्यस्ता चेतावनीमूलक सन्देश र चित्र अंकित नभएका उत्पादन जफत गरी नियन्त्रण गर्नुपर्नेलगायतको कानूनी कर्तव्य तोकिएकोमा ती कानूनी कर्तव्य राज्यसंयन्त्रलाई क्रियाशील गराई, प्रभावकारी कार्यान्वयन र अनुगमन गरी पूरा गर्नुपर्नेमा निष्कृय रही आफ्नो संवैधानिक एवं कानूनी कर्तव्य पूरा नगरी, सरकारी उदासीनता देखाई जनताको स्वास्थ्यसँगै आर्थिक, सामाजिक, सांस्कृतिक हित अभिवृद्धिका लागि बनाइएका उल्लेखित कानूनी प्रावधानहरु कानूनका खेस्रामा मात्र सीमित पारी कानून र न्यायको औचित्य माथि प्रश्नचिन्ह खडा हुने अवस्था सिर्जना गरिएको हुँदा माथि प्रकरण २, ४ र ५ मा उल्लेखित कानून निर्माण र सो लागू गर्न/गराउन स्वयम् सरकार स्वतःस्फूर्त

क्रियाशील हुनुपर्नेमा नभएकाले यसै सम्मानित अदालतको न्यायिक सक्रियतापछि मात्र क्रियाशील रहेकाले उक्त कानूनको प्रभावकारी कार्यान्वयनमा समेत सरकारले स्वतःस्फूर्त आफ्नो कर्तव्य पूरा नगरेकाले नेपाल राज्यको एक अंग न्यायपालिका समेत मूकदर्शक हुने हो भने जनताले न्याय पाउने मार्ग नै बन्द भई मौलिक हकको प्रचलन हुन नसक्ने हुँदा हामी निवेदक लगायत सर्वसाधारण आम जनताको स्वास्थ्य एवं आर्थिक, सामाजिक सांस्कृतिक हित जस्तो सार्वजनिक सरोकार निहित रहेको प्रस्तुत निवेदनलाई अग्राधिकार दिई नेपालको संविधानको धारा १३३ को उपधारा २ र ३ बमोजिम देहायको परमादेश लगायतको अन्य उपयुक्त आदेश विपक्षीहरुका नाउँमा जारी गरी हामी निवेदक लगायत सर्वसाधारण जनताको मौलिक हक प्रचलन गराई पाऊँ ।

क) सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, -यापर्स पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका ०७१ को दफा ४, ५, ६, ७ को समग्र प्रावधान तत्काल लागू गर्नू गराउनू र सो प्रावधान विपरीतका सुर्तीजन्य उत्पादन बजारबाट हटाउनू/हटाउन लगाउनू ।

ख) उक्त निर्देशिकाको प्रावधान बमोजिम नब्बे प्रतिशत भागमा चेतावनीमूलक सन्देश र घातक रंगीन चित्र नछापिएका चुरोट, बिडी, खैनी, सूर्ति गुट्खा जस्ता सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन ०६८ को दफा ९ को उपदफा ३ बमोजिम आयातमा तत्काल प्रतिबन्ध लाउनू, लगाउनू ।

(ग) सुर्तीजन्य पदार्थको उत्पादनका बट्टालगायतको नब्बे प्रतिशत भागमा चेतावनीमूलक सन्देश र घातक रंगीन चित्र नभएका उत्पादनमा आन्तरिक राजस्व विभागको स्टिकर नलगाउन र ९० प्रतिशतको मापदण्ड पूरा गरेका उत्पादनमा सो ९० प्रतिशतभित्र नपर्ने गरी आन्तरिक राजस्वको स्टिकर टाँस्नू/टाँस्न लगाउनू ।

(घ) छिमेकी मुलुक भारतको सर्वोच्च अदालतबाट हालसालै उमेशनारायण शर्माविरुद्ध 'युनियन अफ इन्डिया' को सार्वजनिक सरोकारको मुद्दामा चेतावनीमूलक सन्देश र घातक चित्र सुर्तीजन्य पदार्थको बट्टालगायतमा शतप्रतिशत सन्देश र चित्र अंकित गर्न लगाउने गरी फैसला भएको र नेपालमा समेत सोही मुताविक हुन वाञ्छनीय हुँदा सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली २०६८ को नियम ९ को उपनियम १ बमोजिम हाल गरिएको ९० प्रतिशतमा १० प्रतिशत थप गरी शतप्रतिशतको प्रावधान तर्जुमा गर्नू/गराउनू ।

९) गर्भको बच्चादेखि बालक, वृद्ध, युवा सबैमा क्यान्सर, अल्सर लगायतका अति खतरनाक रोगहरुको मुख्य स्रोतरुपी सुर्तीजन्य पदार्थमा हुने निकोटिनमा लागुऔषध हिरोइन वा कोकिनमा जत्तिकै चाँडो लत लगाउने क्षमता हुने र सुर्तीजन्य कम्पनीहरुले सुर्तीसेवकलाई लोभ्याउन चुरोट, पान, मसला, गुट्खाहरुमा चक्लेट, चिनी, भेनिला जडीबुटी तथा मर्मसला मिसाउने हुँदा सुर्ती सेवनको नसामा फस्ने व्यक्ति हरेक

दिन बढ्ने निश्चित हुँदा प्रस्तुत मुद्दाको टुंगो लाग्न लामो समयावधि लाग्ने तथ्यलाई मध्यनजर गरी सर्वाेच्च अदालत नियमावली २०४९ को नियम ४१ बमोजिम प्रस्तुत निवेदनको टुंगो नलाग्दासम्म सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, -यापर्स, पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका २०७१ को दफा ४, ५, ६, ७ का उपदफाहरु लगायतका प्रावधान मुताविक कुल भागको ९० प्रतिशत भागमध्ये ७० प्रतिशत भागमा घातक रंगीन चित्र र २० प्रतिशत भागमा चेतावनीमूलक सन्देश अंकित नभएका र नछापिएका सुर्तीजन्य पदार्थको बट्टा, पेटी तथा पार्सल उत्पादन, बिक्रीवितरण र आयात नगर्नू र बजारबाट हटाउनू भनी विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरी पाऊँ ।

१०. प्रस्तुत विषयमा अन्यत्र उजुरी गरेका छैनांै । माथि प्रकरण ६ मा उल्लेखित पर्फेक्ट ब्लेन्ड्स नेपालका तर्फबाट प्रबन्धक सोमनाथ पौडेल निवेदक र विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भएको मुद्दा आगामी चैत ३ गते यसै सम्मानित अदालतमा पेसीमा छ ।

११. नेपालको संविधानको धारा १३३ को उपधारा २ बमोजिम प्रस्तुत निवेदन यस सम्मानित अदालतको क्षेत्राधिकारभित्र पर्दछ ।

(१२) प्रस्तुत निवेदनपत्र सहितको सम्बन्धित मिसिल फाइल इजलास समक्ष पेश हुँदा मेरो तर्फबाट रहनुहुने का.व्या. ले गर्नु हुने बहस जिकिरलाई पनि यसै निवेदनपत्रको अभिन्न अंग मानी पाऊँ ।

१३) प्रस्तुत रिट निवेदन दर्ता गर्न लाग्ने दस्तुर यसै साथ संलग्न छ ।

१४) संलग्न कागजात ः

क) नयाँ पत्रिका राष्ट्रिय दैनिकको मिति २०७१।६।१० मा प्रकाशित ऐन कार्यान्वयनमा ढिलाई शिर्षकको समाचार र मिति ०७२।५।४ मा प्रकाशित तीन महिना भयो चित्र छापिएन भन्ने शीर्षकको समाचारको प्रतिलिपि................१

ख) मिति २०७२।५।९ मा नागरिक दैनिकमा प्रकाशित सुर्तिजन्य निर्र्दे्शिका बेवास्ता शिर्षकको समाचारको प्रतिलिपि...................................................................................१

ग मिति २०७२।११।१४ मा नागरिक राष्ट्रिय दैनिकमा कानुनको डरले चुरोटमा चित्र शीर्षकको समाचारको प्रतिलिपि.........................................................१

घ. मिति २०७२।११।१७ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा चेतावनीयुक्त चित्रको प्रतिशत घटाउन स्वास्थ्य मन्त्री नै सक्रिय शीर्षकको समाचारको प्रतिलिपि..........................१

ङ. मिति २०७२।११।१९ मा अन्नपुर्ण राष्ट्रिय दैनिकमा धुम्रपान विरुद्‌दको कानुन ४ बर्ष पछि कार्यान्वयनमा शीर्षकको समाचारको प्रतिलिपि...................................................१

च. मिति २०७२।११।१८ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा शक्तिकेन्द्र धाउदै सुर्तिजन्य उत्पादक शीर्षकको समाचारको प्रतिलिपि.........................१

छ. मिति २०७२।११।१३ मा कान्तिपुर राष्ट्रिय दैनिकमा सुर्य टोवाकोमा छापा शीर्षकको समाचारको प्रतिलिपि.........................१

ज. मिति २०७२।११।१२ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा बजारमा पुरानै मापदण्डका चुरोट र खैनी शीर्षकको समाचारको प्रतिलिपि.........................१

झ. मिति २०७२।११।१३ मा नागरिक राष्ट्रिय दैनिकमा ५० लाखको चुरोट शिलबन्दी शीर्षकको समाचारको प्रतिलिपि.........................१

ञ. मिति २०७२।११।१२ मा नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा सरकारी निकायद्‌धारा निर्देशन उल्लघंन शीर्षकको समाचारको प्रतिलिपि.........................१

ट. एक्सन नेपाल सस्थाले गरेको सर्भेक्षणको अनुसन्धान प्रतिवेदनको पत्रको प्रतिलिपि.......१

ठ) एक्सन नेपाल संस्थाले मिति ०७२।५।१८ मा विपक्षीहरुलाई ध्यानाकर्षण गराएको पत्र थानको प्रतिलिपि...................................................१

ड) एक्सन नेपाल संस्थाको तर्फबाट प्रस्तुत रिट निवेदन दर्ता गर्न अख्तियार प्रत्यायोजन गरेको मिति ०७२।६।१० को निर्णयको प्रतिलिपि................१

ढ. भारतिय सर्वोच्च अदालतको सन् १९.०२.०१६ को फैसलाका प्रतिलिपि.......१

ण) अधिवक्ताको परिचय पत्रको प्रतिलिपि...................................................१

१५ यसमा लेखिएको व्यहोरा ठिक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

वा. श्रीजुन थापा

इति सम्वत २०७२ साल चैत्र महिना २ गते रोज ३ शुभम................

श्री सर्वोच्च अदालतमा चढाएको

सारसंक्षेपीकरण

विषय ः– परमादेश ।

| | |
|---|---|
| काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर स्थित एक्सन नेपालको तर्फबाट अख्तियार प्राप्त व्यक्ति तथा आफ्नो हकमा समेत का.जि.,टोखा न.पा.वडा नं.९,धापासी बस्ने अधिवक्ता रामचन्द्र शर्माको वा. का.जि.का.म.न.पा. वडा नं. ११ बस्ने बल बहादुर थापाको छोरा वर्ष ४५ को श्रीजुन थापा ..........१ | सारसंक्षेपीकरण प्रस्तुतकर्ता पक्ष |

विरुद्ध

| | |
|---|---|
| प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सिंहदरबार, काठमाडौं समेत——— | विपक्षी |

१) विवादको मुख्य विषय ः– सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८ को दफा ९ को उपदफा १ ले उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा लगायतको बाहिरी कुल भागको कम्तीमा ७५ प्रतिशत भागमा चेतावनीमूलक सन्देश र घातक रंगीन चित्र प्रष्ट रुपमा बुझिने र देखिने गरी नेपाली भाषामा छाप्नु तथा अंकित गर्नुपर्ने प्रावधान छ । ऐ. को उपदफा २ मा उक्त चेतावनीमूलक सन्देश र संकेत चिन्ह समय समयमा थप गर्न सकिने अधिकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई दिनुका साथै सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली २०६८ को नियम ९ को उपनियम १ मा १ वर्ष भित्र थप गर्न सक्ने प्रावधान मुताबिक विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०७२।२।१ देखि लागू हुने गरी मिति २०७१।७।१३ मा जारी गरेको सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, -यापर्स पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका ०७१ को दफा ४, ५, ६, ७ को समग्र प्रावधान बमोजिम सूर्तिजन्य पदार्थको बट्टा लगायतको बाहिरी कुल भागको ९० प्रतिशत भागमध्ये घातक रंगीन चित्र ७०५ भागमा र चेतावनीमूलक सन्देश २०५ भागमा अंकित तथा छाप्नुपर्ने कुरा लागू गर्नुपर्नेमा विपक्षीहरुबाट लागू नहुनुका साथै सोही प्रावधान बमोजिम चेतावनीमूलक सन्देश र संकेत चिन्ह नछापिएका र अंकित नभएका चुरोट, बिडी, खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थ सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८ को दफा ९ को उपदफा ३ बमोजिम विपक्षीहरुबाट आयातमा तत्काल प्रतिबन्ध लगाउनुपर्नेमा सो ऐन नियम र निर्देशिकाले तोकेको कानूनी कर्तव्य पूरा नगर्ने विपक्षीहरुको कार्यबाट प्रचलित नेपालको संविधानको धारा ३० मा प्रत्याभूत गरिएको स्वच्छ

वातवरणमा बाँच्न पाउने आम सर्वसाधारणको मौलिक हक आघातित भएको हुँदा धारा १३३ को उपधारा २, ३ बमोजिम विपक्षीहरुका नाममा परमादेश लगायत उपयुक्त निर्देशन जारी गरी पाउँ ।

२) सम्वन्धित कानुन तथा नजिर स्( नेपालको संविधानको धारा ३०, धारा ७५ को उपधारा २,  धारा १३३ को उपदफा २, ३, एवं सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८ को दफा ९ को उपदफा १, २, ३, सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली २०६८ को नियम ९ को उपनियम १, २, सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, -यापर्स पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्दे्शिका ०७१ को दफा ४, ५, ६, ७ को समग्र प्रावधान, ने.का.प. २०६६ अंक ९ पृष्ठ १४४८ नि.नं. ८२१७

३) माग गरिएको उपचार,सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, -यापर्स पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्दे्शिका ०७१ को दफा ४, ५, ६, ७ को समग्र प्रावधान तत्काल लागू गर्नु गराउनु र उक्त निर्दे्शिकाको प्रावधान बमोजिम नब्बे प्रतिशत भागमा चेतावनीमूलक सन्देश र घातक रंगीन चित्र नछापिएका चुरोट, बिडी, खैनी, सूर्ति गुट्खा जस्ता सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन ०६८ को दफा ९ को उपदफा ३ बमोजिम आयातमा तत्काल प्रतिबन्ध लाउनु, लगाउनु भनी विपक्षीहरुका नाममा परमादेश लगायत उपयुक्त निर्देशन जारी गरी पाउँ ।

४) सम्वन्ध प्रमाण स्( निवेदन साथ संलग्न छन् ।

५) यसमा लेखिएको व्यहोरो ठीक साँचो छ, झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

सारसंक्षेपीकरण प्रस्तुतकर्ता

निज वा. श्रीजुन थापा

इति सम्वत् २०७२ साल चैत्र महिना २  गते रोज ३ शुभम्...............